स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री आँचल शर्मा फिल्म 'पीताम्बर'बाट अलग भएकी छन् । फिल्मको छायाङ्कन सेडुल जुधेको कारण आफूले अभिनय गर्न नभ्याउने भन्दै उनले फिल्म छोडेकी हुन् । आँचल अहिले फिल्म 'दुःखी आत्मा'को छायाङ्कनमा छिन् । फिल्म 'पीताम्बर' अहिले छायाङ्कनमा छ । एकै समय दुई फिल्मको छायाङ्कन सम्भव नभएकोले 'पीताम्बर'बाट आफू अलग भएको आँचलले बताइन् । 'पहिले फिल्मको छायाङ्कन एकै समय हुने कुरो थिएन ।

आजको विचार...



किन...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



'जेरी' फेम्ड अभिनेत्री आना शर्मा फिल्म 'एक्टर : टेक वान'बाट ५ वर्षपछि अभिनयमा फर्किएकी छन् । पछिल्लो पटक सन् २०१९ मा आएको 'द म्यान फ्रम काठमाडौं'मा देखिएकी उनले यसपछि केही फिल्म सम्झौता गरेको भए पनि ती निर्माण नै भएनन् । अब उनको आशा र भरोसा 'एक्टर'माथि छ । यसमा उनले अहिलेका 'स्टार' अभिनेता प्रदीप खड्काको जोडी भएर काम गरेकी छन् । बिहीबार निर्माताले उनको क्यारेक्टर पोस्टर सार्वजनिक गरेका छन् । जसमा उनी आकर्षक लुक्समा देखिएकी छन् ।

❒ वर्ष ३० ❒ अंक ६१ ❒ २०८१ भदौ ३० गते आइतबार 15 September 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पाको पर्यटन विकासका लागि अगाडि सर्नुहोस्, लगानी हामी गर्छौं : अध्यक्ष ढकाल

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २९/नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले पाल्पाको पर्यटकीय विकासका लागि अग्रसर हुन जिल्लावासीलाई आग्रह गरेका छन् । शनिबार पाल्पा उद्योग वाणिज्य संघको ७० औं वार्षिक साधारण सभालाई तानसेनमा सम्बोधन गर्दै यहाँका पर्यटकीय विकासका लागि सम्भावित क्षेत्रको खोजी गरी अगाडि बढ्न उनले जिल्लाका उद्योगी व्यवसायीलाई आग्रह गरेका हुन् ।

प्रमुख अतिथि समेत रहेका ढकालले भने 'पाल्पाको पर्यटकीय विकासका लागि यहाँका सम्भावित क्षेत्रहरु खोजी गरी के मा लगानी गर्नुपर्ने हो, तपाईहरुले भन्नुहोस्, हामी लगानी गर्न तयार छौं ।' उनले सम्भावित क्षेत्रका स्थानीयहरु अगाडि सरेर लगानी क्षेत्रको पहिचान गरे लगानी गर्न आफुहरु तयार रहेको उल्लेख गरे । 'यहाँका पर्यटकिय स्थलहरु जहाँ केवलकारको सम्भावना छ, जहाँ होटलको सम्भावना छ, जहाँ करुवा, ढाकाको उत्पादन र कृषिको सम्भावना छ । तपाईहरु यो प्रोजेक्ट राम्रो छ, अगाडि बढाउनुपर्‍यो भन्नुहोस् म लगानीको लागि उद्योग वाणिज्य संघको अध्यक्षको तर्फबाट र उद्यमीको तर्फबाट कहाँ के मा गर्नुपर्ने




हो ? हामी तयार छौं' अध्यक्ष ढकालले भने । उनले सानो पुँजीलाई कलेक्टिपस हिसावले राख्न भन्दै यहाँको सम्भावित क्षेत्रमा स्थानीयको समेत लगानी राखी अगाडि बढ्न उद्योगी व्यवसायीलाई आग्रह गरे । तानसेनमा केवुलकार सञ्चालन गर्ने कुरा भएकाले उनले त्यसमा स्थानीयस्तरबाट थोरै धेरै लगानी गर्नुपर्नेमा जोड दिए । अध्यक्ष ढकालले भने 'केवलकार सञ्चालनका लागि यहाँहरुले २०/३० प्रतिशत कति लगानी गर्न सक्नुहुन्छ गर्नुहोस् बाँकी लगानी जुटाउने काम उद्योग वाणिज्य महासंघको तर्फबाट मैले गर्छु ।'

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वस्तुगत जिल्ला नगर अध्यक्ष कृष्ण बैद्यले ब्यवसायिका समस्या समाधान गर्न महासंघ निरन्तर लाग्दै आएको बताए । उनले भने 'ब्याज घटाउने कुरामा महासंघले काम गरेको छ, नापतौल नविकरणको समस्या समाधानमा काम भइरहेको छ ।' उनले मुलुकको आर्थिक सूचकांकमा अहिले सुधार आएको बताए । बैद्यले भने 'रेमिटान्स बढेको छ, पर्यटकहरु पनि बढेका छन् तर पनि व्यापार ब्यवसाय राम्रोसँग चलायमान हुन भने सकेको छैन, महासंघले गर्नुपर्ने काम गरिसकेकाले अब सरकारले गर्नु पर्ने अवस्था आएको छ ।' उनले पछिल्लो समय स्थानीय सरकारले मेला महोत्सव लगाएको प्रति लक्षित गर्दै भने 'स्थानीय सरकारको काम मेला महोत्सव गर्ने होइन् त्यो त उद्योग वणिज्य संघले गर्छ ।' महासंघका वस्तुगत उपाध्यक्ष हेमराज ढकालले अर्थतन्त्रको स्पष्ट मार्ग नहुँदा अहिले समस्या आएको उल्लेख गरे । **-बाँकी अन्तिम पेजमा**

## सक्षिप्त समाचार

### खोलाले बगाएर एक पुरुषको मृत्यु



**पाल्पा,** भदौ २९/जिल्लाको माथागढी गाउँपालिका -४ सुर्कावासमा खोलाले बगाएर एक पुरुषको मृत्यु भएको छ । शुक्रबार दिउँसो सुर्कावासस्थित झुम्सा खोला तर्ने क्रममा जिल्लाको तिनाउ गाउँपालिका - ४ बिजनचौरका ५३ वर्षीय शेर बहादुर चौहानको बगाएर मृत्यु भएको हो ।

खोलाले बगाएका चौहान १ सय ५० मिटर तल खोलाको बिच भागमा मृत अवस्थामा भेटिएका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । उनको शवलाई पोष्टमार्टमको लागि जिल्ला अस्पताल ल्याइएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## स्याङ्जामा एक पालिका एक हुलाक कार्यालय




**रासस**

**वालिङ (स्याङ्जा),** भदौ २९/स्याङ्जामा एक पालिका एक हुलाक कार्यालय स्थापना हुने भएको छ । सरकारले हुलाकको पुन: संरचनाअन्तर्गत एक पालिका एक हुलाक कार्यालय स्थापना गर्ने नीति लिएसँगै स्याङ्जामा कार्यान्वयन प्रक्रिया अघि बढाइएको हो ।

स्याङ्जाका ११ पालिकामा एक जिल्ला हुलाक र अन्य १२ वटा इलाका हुलाक कार्यालय छन् । प्रत्येक पालिकामा एउटा हुलाक कार्यालय रहने व्यवस्था भएबमोजिम एउटा पालिकामा एकभन्दा धेरै भएका हुलाक हटाइने भएको छ । एउटा पनि हुलाक कार्यालय नभएका पालिकामा कार्यालय स्थापना गरी सेवा दिने तयारी भइरहेको जिल्ला हुलाक कार्यालय स्याङ्जाका प्रमुख गुरुप्रसाद मरासिनीले बताए ।

स्याङ्जाका ११ पालिकामध्ये हाल तीनवटा पालिकामा दुई/दुई, सातवटा पालिकामा एक/एक वटा र एउटा पालिकामा हुलाक कार्यालय छैन । स्याङ्जाको पुतलीबजार नगरपालिका, आँधीखोला र हरिनास गाउँपालिकामा दुई/दुईवटा हुलाक कार्यालय रहेको उनले बताए ।

**-बाँकी अन्तिम पेजमा**

## रानीमहलमा साहित्यकार : पर्यटन र साहित्यलाई व्यापक बनाउन जोड

**पाल्पा,** भदौ २९/साहित्यकारहरु पाल्पाको ऐतिहासिक पर्यटकीयस्थल रानीमहल पुगेका छन् । नेपाल प्रज्ञा-प्रतिष्ठान काव्य विभाग काठमाडौं र नारी साहित्य तथा सांस्कृतिक प्रतिष्ठान पाल्पाको संयुक्त आयोजनामा भएको कविता वाचन कार्यक्रममा सहभागी हुन जिल्लादेखि केन्द्रसम्मका साहित्यकारहरु रानीमहल पुगेका हुन् ।




रानीमहल पुगेका दर्जन बढी साहित्यकार तथा कविहरुले कविता वाचन गर्दै पाल्पाको पर्यटन र साहित्यलाई व्यापक बनाउनुपर्नेमा जोड दिएका छन् । उनीहरुले कवितामार्फत नै रानीमहल जस्तो ऐतिहासिक पर्यटकीय स्थलको विकास गर्न सबैले चासो देखाउनुपर्ने बताए । कार्यक्रम नेपाल प्रज्ञा-प्रतिष्ठान प्राज्ञ परिषद् सदस्य प्राज्ञ विभाग प्रमुख बाबा बस्नेतले पर्यटन र साहित्यलाई व्यापक बनाउनका लागि पनि यो ऐतिहासिकस्थल पाल्पाको रानीमहलमा प्रज्ञा प्रतिष्ठानले पहिलो पटक जिल्लासंग समन्वय गरेर कार्यक्रमको आयोजना गरेको बताए । उनले कविता विधाको उत्थान र विकासका लागि सम्पुर्ण साहित्यिक सर्जकहरु लाग्नु पर्ने कुरामा जोड दिए । साहित्यकार सन्ध्या पहारीले पाल्पा साहित्यमा उर्वर रहनुको साथै आफ्नै गौरव बोकेको यो सुन्दर पर्यटकीयस्थल रानीमहलमा फेरि-फेरि पनि यस्तै कार्यक्रमहरु लिएर आउने प्रतिवद्धता व्यक्त गरिन् । साहित्यकार प्रगतिशील लेखक संघका अध्यक्ष राम प्रसाद अर्यालले प्रज्ञाले पाल्पामा समन्वय गरि यो कार्यक्रमको अवसर दिएकोमा आयोजक लाई धन्यवाद दिए । नारी साहित्य प्रतिष्ठान काठमाडौका अध्यक्ष गीता कार्कीले नारीका संस्थाहरु बिच समन्वय गरि रचनात्मक कार्य गर्दै जाने बताइन् । नारी उन्नयन विकास प्रतिष्ठानकी पूर्व अध्यक्ष लक्षीमा ज्ञवलीले साहित्य र पर्यटन प्रवर्द्धनलाई समेत जोडेर आगामी दिनहरूमा यस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्नेमा जोड दिइन् ।कविता वाचनमा साहित्यकारहरु प्रगतिशिल लेखक संघका अध्यक्ष राम प्रसाद अर्याल, नारी उन्नयन विकास प्रतिष्ठानकी संरक्षक पूर्व अध्यक्ष लक्षीमा ज्ञावली, साहित्यकारहरु आयम कार्की, शारदा खनाल, सन्ध्या पहारी, गीता कार्की, मञ्जु कोइराला, सिताराम घिमिरे, पोखराथोक साहित्य संगमका गोविन्द खनाल, साहित्यकार प्रज्ञा प्रतिष्ठान काव्री विभाग प्रमुख बाबा बस्नेत, नारी साहित्य तथा साँस्कृतिक प्रतिष्ठान पाल्पाका अध्यक्ष मन गहिरे लगायतले कविता वाचन गरेका थिए ।

कार्यक्रममा सहभागी साहित्यकारहरुलाई प्रमाण पत्र वितरण गरिएको थियो । नारी साहित्य तथा साँस्कृतिक प्रतिष्ठानकी अध्यक्ष मन गहिरेको अध्यक्षता, कोषाध्यक्ष कल्पना भट्टराईको स्वागत, सचिव मञ्जु कोइरालाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## प्राथमिक उपचार सबैले जानौं

प्राथमिक उपचार भनेको दुर्घटनामा परेका व्यक्तिलाई उसको समस्याको सही आकलन गरी त्यसको निदानका लागि तुरुन्तै प्रदान गरिने सेवा हो । अर्को अर्थमा भन्दा कुनै व्यक्तिलाई चोटपटक लागेपछि वा ऊ बिरामी भएपछि अस्पताल पुऱ्याउनुअघि गरिने सबैभन्दा सुरुको उपचार पद्दतिलाई प्राथमिक उपचार भनिन्छ । कुनै पनि दुर्घटनामा घाइते हुनेलाई बचाउन प्राथमिक उपचारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भनिन्छ, दशा बाजा बजाएर आउँदैन । कुनैपनि दुर्घटना पूर्व सूचना बिना नै आउँछ । त्यसैले दुर्घटना भइसकेपछि कसरी बच्ने भन्दा पनि हुनुअघि कसरी सर्तक रहने भन्ने कुरा महत्वपूर्ण हुन्छ । तर, कुनैपनि अवस्थामा दुर्घटना हुनसक्छ । जहाँ पनि, जहिले पनि, जसरी पनि । यस्ता संभावित दुर्घटनाबाट हुने क्षतिबाट बच्नका लागि प्राथमिक उपचारको आवश्यक हुन्छ । प्राथमिक उपचारले ठूलो जोखिम घटाइदिन्छ । कुनैबेला घरमा सामाग्रीहरु झरेर चोट लाग्न सक्छ, कहिले भऱ्याङमा चिप्लन सकिन्छ । कहिले कुकुरले टोक्न सक्छ । कहिले सर्पले डस्न सक्छ । यावत् अप्ठ्याराबाट बच्नका लागि प्राथमिक उपचार महत्वपूर्ण हुन्छ । यसलाई सबैले जान्न आवश्यक छ ।

प्राथमिक उपचारको महत्वका विषयमा समुदायमा चेतना अभिवृद्धि गर्ने र प्राथमिक उपचार स्वयंसेवकहरूलाई सम्मान गरी उत्प्रेरणा बढाउने उद्देश्यले हरेक वर्ष सेप्टेम्बर महिनाको दोस्रो शनिबार विश्व प्राथमिक उपचार दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस शनिबार मनाइएको छ । नेपालमा हरेक वर्ष सयौं जनाले सडकमा हुने दुर्घटनाका कारण ज्यान गुमाउने गरेका छन् । दुर्घटनामा घाइते बन्न पुगेकाहरूलाई सामान्य प्राथमिक उपचार प्रदान गर्ने हो भने पनि उसको ज्यान जोगिने सम्भावना बढेर जान्छ । सानादेखि ठूलासम्मका दुर्घटनामा घाइते हुन पुगेकालाई प्राथमिक उपचार दिने हो भने उसको ज्यान जोगाउन पनि सहज हुन्छ । प्राकृतिक विपत्तिदेखि दुर्घटनाको अवस्थामा मानिसहरू निकै आत्तिने, र जसोतसो अस्पताल पुऱ्याउन हतारो गर्दछन् । यस्तो प्रवृत्तिले कतिपय अवस्थामा विरामीको ज्यानै जानेदेखि उपचार प्रक्रिया निकै जटिल पनि हुन सक्दछ । त्यसको बदलामा घटनास्थलमा उपलब्ध मानिसले घटनास्थल र विरामीको राम्रो मूल्यांकन गरी जति सक्दो छिटो प्राथमिक उपचार दिन सके ज्यान बचाउन सकिन्छ । तसर्थ दुर्घटनाबाट हुन सक्ने जोखिमलाई कम गर्न सबैले प्राथमिक उपचारका बारेमा जान्न जरुरी छ ।

### Opinion @ Social Network

'सकारात्मक र राम्रो विचार भएर मात्र हुँदैन,
त्यसलाई प्रयोग गर्नु महतत्वपूर्ण कुरा हो।'
*(अनिता नेपालीको फेसबुक स्टाटसबाट www.facebook.com//nepali.anita)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन बढ्दै छ राजनीतिप्रति नकारात्मक सोच ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*सञ्चार क्षेत्र र सामाजिक सञ्जालको तिव्र विकाससँगै आज भोली सकरात्मक भन्दा बढी नकरात्मक सोच तथा आलोचनाले व्यापकता पाउँदै गएको देखिन्छ ।*

सञ्चार क्षेत्र र सामाजिक सञ्जालको तिव्र विकाससँगै आज भोली सकरात्मक भन्दा बढी नकरात्मक सोच तथा आलोचनाले व्यापकता पाउँदै गएको देखिन्छ । बढ्दै गरेको नकारात्मक सोचले सबै भन्दा बढी प्रभाव राजनीति र तिनका नेतृत्वलाई परेको देखिन्छ । राजनीतिक नेतृत्व भने व्यक्तिगत स्वार्थका लागि होस् या भोटको आशले होस्र जनतालाई प्रत्यक्ष फाईदा हुने खालका नीति तथा कार्यक्रम बनाउने र त्यसको कार्यान्वयनमा अग्रसर देखिन्छन् ।

जसको कारण जनताको दैनिकीमा सकरात्मक सुधार भएको सजिलै अनुमान लगाउन पनि सकिन्छ । तर यसको विपरीत शिक्षित तथा युवा पुस्तालाई भने नकारात्मक सोच र निराशा गाजिदै गएको देखिन्छ । राम्रो कार्य होस् या नराम्रो कार्य होस् नकरात्मक आलोचना गर्ने प्रवृत्ती मौलाउदै छ । आफ्नाले गरेको सबै ठिक अर्काले गरेको सबै बेठिक हो भन्ने धारणा बढ्दै जानु यसको उदाहरण हो । व्यक्तिगत स्वार्थ परिपूर्ति, कुण्ठा, गुट र सिमित उद्देश्य परिपूर्तिमा रमाउने प्रवृत्ती व्यक्ती, परिवार, समाज र राजनीतिक दलहरु भित्र झाँगिदै गएको देखिन्छ । वि.स २०४६ साल पछि प्रजातन्त्रको स्थापनासँगै बनेका सरकारले हालसम्म विकास निर्माण र जनताको जीवनस्तर, दैनिकी सुधारमा प्रसस्त प्रयास नगरेका पनि होइन्न तर केहि वर्गको हेर्ने दृष्टिकोण र राजनीतिक नेतृत्वको कमजोरीमा परिवर्तन आउन् नसक्दा नकरात्मकता बढ्दै गएको देखिन्छ । किन यसो भैरहेको छ यससँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**विकासका मुख्य प्राथमिकताका क्षेत्रमा भएका सुधारका पक्षहरु :**

**शिक्षा :** प्रजातन्त्र प्राप्ति पछिका सरकारहरुले शिक्षा क्षेत्र सुधारका लागि उपयुक्त योजना तय गरेको कारण सकरात्मक परिवर्तन देखिएको छ । यहि कारण नेपालको शिक्षा लिने लागतमा कमी आएको देखिन्छ । थोरै खर्चमा उच्च शिक्षा लिन सक्ने देखिन्छ ।

अधिकाश विद्यालयहरु प्रविधी मैत्री बन्दै गएका छन् । मुठ्ठी दान, जग्गा बिक्री र सहयोगका आधारमा विद्यालय सञ्चालन गर्नु पर्ने अवस्थाको अन्त्य भएको छ । सरकारले विविध अनुदान र सहयोग विद्यालयहरुलाई निरन्तर उपलब्ध गराउन थालेको छ । विद्यालयका भवन आधुनिक र बालमैत्री बन्दै गएका छन्, विद्यालयमा पुस्तकालय, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला बनेका छन् । विभिन्न छात्रवृत्रीको व्यवस्था, बातावरण र प्रविधिमैत्री कक्षा कोठा निर्माण भएको छ । नि:शुल्क शिक्षाको व्यवस्था भएको छ । आर्थिक अभावमा शिक्षा लिनबाट कोहि बञ्चित हुनुपर्ने अवस्थाको अन्त्य भएको छ । पछिल्ला बर्षहरुमा शिक्षा क्षेत्रमा आमुलपरिवर्तन र सुधार देखिन्छ ।

**स्वास्थ्य :** प्रजातन्त्र पछिका सरकारहरुले स्वास्थ्य क्षेत्रमा सुधारका योजना तथा कार्यक्रमहरु ल्याई आम नेपालीको स्वास्थ्य सेवामा पहुँच बढाउदै लगेको देखिन्छ । देशको सुगम क्षेत्रमा मात्रै नभएर दुर्गम क्षेत्र सम्म स्वास्थ्यकर्मीको सेवा विस्तार गरेको छ । हरेक वडाहरुमा नि:शुल्क प्राथमिक उपचारको लागि स्वास्थ्य चौकीको व्यवस्था गरेको छ । हरेक स्थानीय तहहरुमा अस्पताल सञ्चालनको योजना तय गरि कतिपय स्थानीय तहले सञ्चालनको तयारीमा रहेको देखिन्छ । स्वास्थ्य विमा, जेष्ठ नागरीक स्वास्थ्य उपचारको व्यबस्था, जटिल रोगको उपचारको व्यबस्था गरेको छ, सरकारी अस्पतालको सेवा विस्तार तथा स्रोत साधनले सम्पन्न बनाउदै लगेको देखिन्छ । आमा सुरक्षा कार्यक्रम मार्फत आमा बच्चाको स्वास्थ्य सुरक्षाका लागि विशेष व्यबस्था गरेको छ । यी केहि स्वास्थ्य क्षेत्रमा भएका सकरात्मक सुधार तथा प्रयासहरु हुन् ।

**सामाजिक सुरक्षा :** विश्वका आर्थिक रुपमा सम्पन्न देशहरुले गर्न नसकेको कार्य सामाजिक सुरक्षाको क्षेत्रमा प्रजातन्त्र पछाडीका सरकारहरुले गरेको देखिन्छ । जेष्ठ नागरिक भत्ता उत्कृष्ट कार्यक्रमको रुपमा रहेको छ । मासिक रुपमा यो भत्ता उपलब्ध गराउदै आएको देखिन्छ भने समय अनुकुल यो रकमलाई बढाउदै लगेको देखिन्छ । यो कार्यक्रममा अपाङ्ग, असाय, एकल महिला, दलित समुदायका जनतालाई पनि समावेश गरिएको छ । सरकारी तथा नीजि क्षेत्रमा कार्यरत श्रमिक वर्गको भविष्य सुनिश्चितताको लागि योगदानमा आधारित सामाजिक सुरक्षाको थालनी गरेको छ ।

**विद्युत/संचार क्षेत्र :** प्रजातन्त्र पछिका सरकारहरुले विद्युत उत्पादनलाई प्राथमिकतामा राखेर कार्य गरेको देखिन्छ । विद्युत उत्पादन र विद्युत प्रयोगको जनसंख्यामा तिव्रता पाएको देखिन्छ । देश भित्र हरेक क्षेत्रमा बस्ने करीब ९३ प्रतिशत जनसंख्याले विद्युत सेवा उपभोग गर्न पाएका छन् भने भारत र बगलादेशमा केहि मात्रामा विद्युत बिक्रीको सुरुवात भएको देखिन्छ । विद्युत गृहहरुको निर्माणले तिव्रता पाएको देखिन्छ । विद्युत बिक्री गरि ध्जष्तभ मर्यभिच देश भित्र भित्र्याई अर्थतन्त्र सुधार धेरै टाढा देखिदैन् । यसका साथै सञ्चार क्षेत्रमा पनि तिव्र विकास भएको देखिन्छ । गाउँ गाउँमा इन्टरनेटको पहुँच विस्तार भएको छ । हात हातमा मोवाईलको साधन पुगेको छ । सूचना र सञ्चारबाट कोही विमुख हुनुपर्ने अवस्थाको अन्त्य भएको छ ।

**यातायात सेवा विस्तार :** यातायात सेवा अन्तर्गत सडक सञ्जालले देशभर जोडिएको छ । कालोपत्रेले तिव्रता पाएको छ । कालीगण्डकी करीडोर जस्ता बहुउपयोगि करीडोर बनिरहेका छन् । फास्ट ट्रयाक, सुरुङ मार्गले तिव्रता पाएको छ । केवलकारहरु ठाउँ-ठाउँमा बनिरहेका छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र संचालनको तयारीमा रहेको देखिन्छ । प्रजातन्त्र पछिको सरकारले यातायातका क्षेत्रमा ठूलो सफलता हासिल गरेको देखिन्छ ।

**कुपोषण र भोकमरीको अन्त्य :** पछिल्लो समय राज्यले खाद्यन्न उत्पादन र व्यवस्थापनमा विशेष महत्व दिएको कारण कुपोषण र भोगमरीको अन्त्य भएको छ । खान नपाएर भोकै कुनै नेपाली बस्नु पर्ने अबस्थाको अन्त्य भएको छ । यहि कारण नेपालीको स्वास्थ्य अबस्थामा पनि सुधारको अबस्था देखिन्छ ।

**नेपालमा विकास नभएकै हो त ?**

प्रजातन्त्र प्राप्ति पछि हाल सम्मको विकास सुचकलाई हेर्दा नेपालको विकासका केहि पक्षमा ठूलो परिवर्तन आएको देखिन्छ ।

के राजनीतिक नेतृत्वले विकासनै नगरेको कारण नकारात्मक सोच उत्पन्न भएको हो त ?

यसको उत्तरको रुपमा यहाँ एउटा विकासको विगत र वर्तमान अबवस्था देखाउने तालिका प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

| विकास सूचक | आर्थिक वर्ष ०४७ / ०४८ अगाडि | आर्थिक वर्ष २०७९ / ०८० सम्म आउदा |
|---|---|---|
| बिजुली पुगेको जनसंख्या | ८.८ % | ९२.५२ % |
| विद्युत उत्पादन | २२७ मेगा वाट | २८७४ मेगावाट |
| शौचालय प्रयोग जनसंख्या | ६ % | ९५.५ % |
| मोटर बाटो | ७३३० कि.मी | ६५००० कि.मी |
| साक्षरता दर | ४० % | ७६.२० % |
| औषत आयु | ५४ वर्ष | ७३ वर्ष |
| गरिबी | ४९ % | १३ % |

**नकारात्मक सोच किन उत्पन्न भैरहेको छ त ?**

- अधिक राजनीतिकरण, अस्थिरता र अस्थिर सरकार ।
- आवश्यकता भन्दा कमिशनका लागि योजना तय गर्नु ।
- सार्वजनिक ऋणको अशं बढाउदै लानु, यसमा नियन्त्रणका लागि कुनै योजना नबनाउनु ।
- संघीयता कार्यन्वयन्मा आएता पनि समानुपातिक विकास योजना छनौट गर्न नसक्नु ।
- राष्ट्रियतालाई सस्तो लोकप्रियताका रुपमा प्रयोग गर्नु, देश हितको पक्षमा एकता प्रस्तुत गर्न नसक्नु ।
- राजनीतिक दलका जिम्मेवार नेता गैर जिम्मेवार अभिव्यक्ति दिदै हिड्नु ।
- जातीयता ,धार्मिकता र क्षेत्रीयतामा खलबल ल्याउने अभिव्यक्ति दिदै हिड्नु ।
- राजनीतिक नेतृत्वले जनताबाट नैतिकतो, इमानदारीता र निष्ठा गुमाउदै जानु ।
- जनताबाट आलोचित हुने र अलोकप्रिय निर्णय गर्नु ।
- अपराधी, गुण्डालाई राजनीतिक आरक्षण प्रदान गर्नु ।
- संवैधानिक अगंलाई सरकारले आफु अनुकुल प्रयोग गर्नु ।
- राजनीतिक दलमा गुट, उपगुटको प्रभाव रहनु ।
- सक्षम वाहिर रहने राजनीतिक भागबण्डालाई प्रोत्साहन गर्दै लैजानु ।
- औद्योगिकरण मार्फत रोजगारी श्रृजना गर्दै लैजान नसक्नु ।
- बढ्दो व्यापार घाटाको अशंलाई घटाउने योजना तय गर्न नसक्नु ।
- वित्तीय अनुशासन, विधिको शाशन स्थापित गर्नु नसक्नु ।
- बौद्धिक पलायनलाई रोक्न नसक्नु ।

उल्लेखित केहि पक्षमा सुधार गर्दै लैजान सकेमा आम जनतामा बढ्दै गरेको निराशालाई आशामा परिणत गर्न सकिने देखिन्छ भने नकरात्मक सोचमा कमी ।

**निष्कर्ष :**

उपयुक्त कारणले नकारात्मक सोच उत्पन्न हुनु स्वभाविकै हो तर आजभोली स-साना विषय बस्तुलाई लिएर, आफ्नो व्यक्तिगत स्वार्थ र इगोलाई लिएर अनुपयुक्त कारणले नकरात्मक सोच उत्पन्न हुदै गएको देखिन्छ । नकरात्मक सोच समृद्ध नेपालको बाधकको रुपमा रहेको छ । नकरात्मक सोच सरकार, राजनीतिक नेतृत्वमा मात्रै नभएर परिवार, समाज, साथीभाई र व्यक्ती व्यक्तीमा केन्द्रीत भएको देखिन्छ । राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्नु स्वभाविक हो तर आज भोलि विचार नमिलेमा, राजनीतिक नमिलेमा, आफ्नो स्वार्थ पुरा नहुने अवस्थामा राम्रोलाई पनि नराम्रो भन्ने प्रवृत्ती बढ्दै गएको देखिन्छ ,यसको अन्त्य जरुर छ । झागिदै गरेको नकारात्मक सोचले देशलाई असफलता तीर लान सक्ने भएकोले यसको अन्त्य र सकारात्मक सोचको विकासका लागि नैतिक शिक्षा, आध्यात्मिक शिक्षामा जोड दिनुपर्ने देखिन्छ । यसका लागि सिंगो कर्मचारितन्त्र, सरकार सञ्चालक राजनीतिक दल, अन्य राजनीतिक दल र तीनका नेतृत्वकर्ता र आम जनता आ-आफ्नो ठाउँबाट लाग्न जरुरी देखिन्छ । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७२१९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पुरानो समस्या सुल्झाउन सकिनेछ। देश र सामाजिक हितमा मन जानेछ । | **तुला** : सहकर्मीबाट विरोध पनि आउन सक्छ । खर्चसमेत बढ्ने योग छ । |
| **वृष** : महत्वपूर्ण कामको योजना बन्नेछ। सामाजिक क्षेत्रबाट सफलता पाइएला । | **वृश्चिक** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । सफल यात्राको योग छ। |
| **मिथुन** : साझेदारी काममा उल्झन आउन सक्छ । सामान हराउने सम्भावना छ । | **धनु** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्यमा सफलता मिल्नेछ । |
| **कर्कट** : भाग्यले अवसर जुराउनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **मकर** : प्रेम सम्बन्ध अझै कसिलो हुनेछ। विद्या र नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **सिंह** : सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । पुराना योजना बिस्तारै अघि बढ्नेछ । | **कुम्भ** : मनमा उत्साहको कमी देखिनेछ। कामबाट लाभ लिन सकिने छैन । |
| **कन्या** : समयमा निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । | **मीन** : स्वादिष्ट भोजनको योग छ । साथीभाइहरूले सहयोग जुटाउनेछन् । |

कृषि

# बागलुङको अकबरे खुर्सानी विदेशमा निर्यात



अकबरे खुर्सानी विश्वमा नेपालको भान्छालाई चिनाउँने मसला मध्ये एक हो । यहि खुर्सानीको कारण पछिल्लो केही बर्ष यता बागलुङको काठेखोला गाउँपालिका र पालिकाको लेखानीकी लालकुमारी पुनलाई समेत स्वदेश तथा विदेशमा परिचित बनाई सकेको छ । काठेखोला गाउँपालिका ८ लेखानी कादेशकी ४८ वर्षीया लालकुमारी पुन क्विन्टल/क्विन्टल अकबरे खुर्सानी विदेश निर्यात गर्ने कृषक हुन् । गाउँमा अकबरे खुर्सानी रोप्दा खुर्सानीले पेट भरिन्न भन्नेहरु अहिले रालमतीकै सिको गर्दै छन् । वैशाख यतामात्र लालकुमारीले एक क्विनटल भन्दा बढी अकबरे खुर्सानी दुवइ निर्यात गरि सकेका छन् । २०७० सालमा तत्कालिन कृषि कार्यालय बागलुङले लालकुमारीको गाउँमै पुगेर कृषि व्यवसाय प्रवर्द्धन तालिमको आयोजना गरेको थियो । त्यही तालिम नै लालकुमारीको जीवनमा कोशेढुङ्गा सावित भयो । गाउँ/गाउँमा महिलाले उत्पादन गरेको तरकारीले सहजै बजार नपाएको तालिममा सहभागी भएकाहरुको गुनासो गरेका थिए । तालिममा सहभागी भएका ६९ जनालाई कृषि कार्यालय बागलुङका तत्कालिन प्रमुख विनोद हमालले एक/एक प्याकेट अकबरे खुर्सानीको बिउ दिए । कृषकले उत्पादन गरेको तरकारीको बजारीकरणमा सहयोग गरिदिने प्रतिवद्धता सहित कृषिले खुर्सानीको बिउ बाँडेर फर्किएपछि लालकुमारीको दैनिकी फेरिएको छ । “गाउँकाले खुर्सानीको बिरुवाले पेट भरिदैन, करेलो र घिरिम्लो लगाउ भने, मैले मानिन, अकबरे खुर्सानीको भविश्य देखेको थिए, पछिल्लो समय अकबरे खुर्सानीको फाइदा देखियो” पुनले भने “अहिले अकबरे खुर्सानीको माग उच्च देखेर पाँच रोपनी जग्गामा खुर्सानीखेती गरेको छु ।” त्यही १ प्याकेट खुर्सानीको बिउबाट लालकुमारीले यतिबेला फैलाउँदै र बढाउँदै ५ रोपनी जग्गामा व्यवसायीक खुर्सानी खेती गरेका छन् । अन्य ५ रोपनीमा झिलिङ्गो(सिल्टुङ्ग), सिमी, काँक्रो, करेला, भेण्टा र सागसँगै तरकारी खेती पनि गर्नु भरेका छन् । २०७२ सालबाट व्यवसयीक खेती सुरु गरेकी लालकुमारी अहिले वर्षनी २० क्विनटलभन्दा बढी खुर्सानी उत्पादन हुन थालेको बताए । २०७५ सालमा रोपेका खुर्सानीका बोटले अहिले पनि उत्पादन दिने गरेको उहाँले बताए । पहिले पहिले लालकुमारीको खुर्सानी बागलुङ बजारमा विक्रि हुन्थ्यो, विस्तारै जिल्ला बाहिर पनि जान थाल्यो । केही वर्षयता कोशेलीको रुपमा आफन्त, ईष्टमित्रलाई जापान, कोरीया, पोर्चुगल, अमेरीका पठाउनेहरु बढ्न थाले । तर, २०७९ सालदेखि भने लालकुमारीले व्यवसायीक रुपमै आफुले उत्पादन गरेको खुर्सानी दुवई पठाउन थालेका छन् । पहिले पहिले खुर्सानी फलाएर पाकेर रातो भएपछि विक्रि गर्ने गरेको भएपनि आजभोली हरियो हुँदै विक्रि हुने गरेको उनको भनाई छ । प्रतिकेजी ३ सय रुपैयाँ र प्रति माना १ सय रुपैयाँका दरले गाउँबाटै विक्रि हुने गरेको उहाँको भनाई छ । खुर्सानीमात्र बेचेर वार्षिक ३ लाख भन्दा बढी आम्दानी गर्ने गरेको लालकुमारीले बताए । खुर्सानी बाहेक अन्य तरकारी विक्रि गरेको आम्दानी छुट्टै छ । कादेश कृषी तथा पशुपालन सहकारी संस्थाको अध्यक्ष समेत रहेकी लालकुमारीले सहकारीमा आवद्ध भएकाहरुलाई समेत खुर्सानी उत्पादनमा जोडेर विक्रि वितरणमा सहजिकरण गर्ने तयारी गरेको बताए । स्थानीय, प्रदेश र केन्द्र सरकारका कृषि सम्बन्धी कार्यक्रम र कार्यालयहरुबाट आफुलाई धेरै सहयोग प्राप्त हुने गरेको उनको भनाई छ ।

*-इहिमालय टाइम्स डटकम*

# कृषि कर्मबाट मासिक डेढ लाख आम्दानी



गल्याङ (स्याङ्जा)हरिनास गाउँपालिका-५ समन्तेका ३८ वर्षीय रेसबहादुर क्षेत्रीले गाउँमा बाख्रापालक किसानको परिचय स्थापित गरेका छन् । विसं २०७४ मा वडासदस्य भएर जनताको सेवा गरेका क्षेत्रीले त्यसको तीन वर्ष पहिले विके पशुपक्षी तथा कृषि फार्म दर्ता गरेर बाख्रापालन सुरु गरेका हुन् । परम्परागत रूपमा बाबुबाजेले गरेको बाख्रापालनलाई विस्थापित गरेर आधुनिक बाख्रापालन गर्ने सोचसहित क्षेत्रीले बाख्रा र खोरमा रु ८५ हजार लगानी गरेर व्यवसाय सुरु गरेको बताए । ‘घरमा भएका खरी जातका आठवटा पाठापाठी र खरिद गरेर ल्याएका बोयर जातका एक-एकवटा माउ र बाख्राबाट व्यवसाय सुरु गरेको थिएँ’, उनले भने, ‘अहिले फार्ममा ७३ वटा बाख्रा छन् ।’ किसान क्षेत्रीले बाख्रापालन व्यवसायबाट वार्षिक रूपमा रु तीन लाख ५० हजार आम्दानी गर्दै आएको बताए । उनले १६ रोपनी जग्गामा केराखेती पनि गरेका छन् । ‘केराखेतीबाट वार्षिक रु एक लाख ५० हजारसम्म आम्दानी गर्दै आएको छु । यो वर्ष दुई सय ९२ केराका बोट हावाले ढाल्यो’, उनले भने । अरूलाई यो गर्नुपर्छ भन्नुभन्दा आफैँले गरेर देखाउनुपर्छ भन्ने सोचसहित बाख्रा पालेको उनले बताए । उनको फार्ममा खोर निर्माण, घाँस रोपण, चरन क्षेत्र व्यवस्थापनलगायत संरचनामा अहिलेसम्म रु १५ लाख लगानी भएको छ । उनको फार्ममा ८५ प्रतिशतका बोयर बाख्रा छन् । अहीले व्यवसाय राम्रो हुँदै गएको छ । उत्पादन गर्न सके बजारको समस्या छैन । खसीबोका पोखरा पठाउँछु’, किसान क्षेत्रीले भने । चरन क्षेत्रको समस्या छैन ।’ यहाँका प्रत्येक घरमा १० देखि २५ वटासम्म बाख्रा छन् । एक घरको गोठालो जान नपाउँदा अर्को घरकाले सहयोग गर्ने चलन छ । ‘व्यवसायबाट सन्तुष्ट छु ।

बाख्रापालन र केराखेतीबाट मासिक रु एक लाख ५० हजार सम्म आम्दानी हुने गरेको छ’, उनले भने, ‘मालिक बन्छु भन्ने सोच राखियो भने प्रगति हुँदैन । आफू सक्रिय भएर व्यवसाय थाल्ने हो भने सफल बन्न सकिन्छ, विदेश जानुपर्दैन ।’ सरकारबाट अनुदान नलिएको उनले बताए । नगद नभई दानापानीमा अनुदान दिनुपर्नेमा उनको जोड छ । क्षेत्रीले बाख्रा र केरा बेचर बुटवल, सुनवल, चितवन, मिर्दी भिमाद सडकमा घडेरी किनेको बताए । उनले गाउँमा गाह्रोसाह्रो पर्नेलाई दिएको रु ७५ लाखसम्म पुगेको बताए ।

गाउँपालिकाका कृषि अधिकृत हरिप्रसाद गैह्रेले पालिकाले किसानलाई निःशुल्क उपचार तथा औषधि वितरण, परामर्श, घाँसका बीउ वितरणलगायत सहयोग गर्दै आएको बताए । गत वर्ष दुईवटा बाख्रा पकेट क्षेत्र कार्यक्रम सञ्चालन थिए । त्यतिबेला २८ वटा शुद्ध बोयर बीउ बोका वितरण गरियो । तीन सयभन्दा धेरै कुखुराका चल्ला पनि वितरण गरियो । यो वर्ष पनि किसानका मागका आधारमा काम गर्छौं ।’

*-रासस*

# नमूना बन्यो माछापुच्छ्रेको चक्लाबन्दी खेती



माछापुच्छ्रे गाउँपालिका-३ घाचोकमा चक्लाबन्दीमार्फत गरिएको सामूहिक खेती कृषि क्षेत्रमा नमूना बनेको छ । गण्डकी प्रदेश सरकारले चार वर्षअघि घाचोकस्थित सिरानखेतबाट प्रदेशमा पहिलोपटक जमिन चक्लाबन्दी कार्यक्रम सुरु गरेको थियो । घाचोकको सिरानखेत र तल्लाखेतमा गरी तीन सय १६ रोपनी जमिन चक्लाबन्दी गरी सामूहिक खेती थालिएको छ । स-साना खेतका गरालाई मिसाएर ठूलो क्षेत्रफलमा सामूहिक खेती थालेपछि कृषि क्षेत्रमा घाचोक नमूना बन्दै गएको भूमे सिर्जनशील कृषक समूहका सचिव भुवनेश्वर पोखरेलले बताए । उनका अनुसार चक्लाबन्दीमा कसरी काम भइरहेको छ भनेर देशका विभिन्न भागबाट जनप्रतिनिधि, राजनीतिक दलका नेता, इन्जिनियर, कृषि प्राविधिक, कृषक तथा सरोकार भएका निकायका प्रतिनिधि अध्ययन, अवलोकनका लागि आउने गरेका छन् । ‘हामीले स-साना कित्तामा विभाजित जग्गालाई चक्लाबन्दी गरेर सामूहिक खेती गरेका छौँ । यहाँको चक्लाबन्दी अवलोकन र अध्ययन गर्न देशभरबाट विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्व आउने गर्नुभएको छ’, सचिव पोखरेलले भने, ‘हाम्रो ठाउँ अहिले देशमा कृषि क्षेत्रमा नमूना बन्दै गएकामा खुशी छौँ ।’ सचिव पोखरेलले चक्लाबन्दीपछि खेती गर्न लागत कम हुनाका साथै उत्पादनमा वृद्धि भएको जानकारी दिए । ‘चक्लाबन्दीका फाइदा धेरै छन् । खेती लगाउन सजिलो भएको छ भने उब्जाउ समेत बढेको छ । सिँचाइमा पनि सहज भएको छ’, उनले भने । ‘चक्लाबन्दी गरिएको जमिनमा खेती लगाउनेदेखि थन्काउनेसम्मको सबै जिम्मेवारी कृषक समूहको छ । आफैँ काम गर्ने कृषकले समूहबाट ज्याला पाउने गर्दछन् । काम गर्न नभ्याउनेले लागत बोर्होनुपर्ने गरी नियम बनाइएको छ । यसबाट खेतीमा समय दिन नसक्नेलाई सजिलो भएको छ’, कृषक समूहका सचिव पोखरेलले बताए । प्रदेश सरकारको कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कृषिको आधूनिकीरकण तथा यान्त्रीकरणका माध्यमबाट ठूलो क्षेत्रफलमा व्यावसायिक खेतीका लागि जमीन चक्लाबन्दी कार्यक्रम ल्याएपछि कृषक त्यसतर्फ आकर्षित भएका हुन् । सुरुमा कृषकको जमिन एकीकरण गरेर समथर बनाउनका लागि कृषि मन्त्रालयले अनुदान दिने गरेको छ । सरकारले चक्लाबन्दी गर्न ४० देखि एक सय रोपनीसम्मका लागि बढीमा रु १० लाख अनुदान, एक सय एकदेखि दुई सय रोपनीलाई रु २० लाख, दुई सय एकदेखि तीन सय रोपनीसम्म रु ३० लाख र तीन सय रोपनीमाथि प्रतिरोपनी रु १० हजारका दरले अनुदान उपलब्ध गराउँदै आएको छ । कृषियोग्य जमिनमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न स-साना कित्ताका जमिनलाई एकीकृत गरी प्रदेशभित्र सामूहिक खेतीका माध्यमबाट टुक्रे उत्पादनको प्रवृत्तिलाई अन्त्य गरी ठूलो परीमाणमा एकै प्रकृतिको व्यावसायिक उत्पादनमा जोड दिन चक्लाबन्दी प्रभावकारी बनेको मन्त्रालयका भूमि स्रोत नक्साङ्कन महाशाखा प्रमुख गङ्गालाल पोखरेलले बताए । उनका अनुसार हालसम्म गण्डकीका मनाङबाहेक सबै जिल्लामा गरी पाँच हजार पाँच सय रोपनी जमिन चक्लाबन्दी गरिएको छ । ‘हिमाल पारिको मुस्ताङदेखि नवलपुरको समथर फाँटसम्म चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको छ । प्रत्येक वर्ष मन्त्रालयले यस कार्यक्रम गर्दै आएको छ, कृषकको आकर्षण पनि बढिरहेको छ’, नक्साङ्कन महाशाखा प्रमुख पोखरेलले भने । *-रासस*

# ‘मौरी मर्नुको कारण परिजीवी, विषादी र कुपोषण’



व्यावसायिक रुपमा पालिएका मौरी मर्न थालेपछि ललितपुरस्थित मौरी विकास केन्द्रको टोली यहाँ आएर अनुसन्धान गरेको छ । किसानका घार, मौरी पालन गरिएको स्थानको वस्तुस्थिति र मर्नुको कारणबारे अनुसन्धान गरी मौरीपालन किसान, केन्द्रका विज्ञको समूह र जिल्लाका सरोकार भएका निकायबीच आज भएको अन्तरक्रिया कार्यक्रममा परिजीवी, विषादी, कुपोषणलगायत समस्या देखिएकाले मौरी मरेका केन्द्रका प्रमुख एवं मौरीविज्ञ तीर्थकुमार श्रेष्ठले बताए । उनले जुम्लामा पालन गरिएका मौरी पोलाको माथिलो भागमा हुनुपर्ने जति मह नभएकाले मरेका जानकारी दिए। मौरीपालक किसानका घार हेर्दा पोलाको माथिलो भागमा हुनुपर्ने जति मह नभएपछि मौरी मरेको हो । ‘कुटमा पोषण हुन्छ, कुट नै नभएकाले मौरी मरेका हुन’, श्रेष्ठले भने । पोला कमजोर हुने बित्तिकै मौरी नासिने अवस्थामा पुग्ने भएकाले पोला बलियो बनाएर पोषणयुक्त बनाउन किसानले विशेष ध्यान दिनुपर्ने उनले उल्लेख गरे । मौरी विज्ञ श्रेष्ठले मौरीमा देखिएको सङ्क्रमण, परिजीवी, विषादी र कुपोषणका कारणले यो समस्या देखिएको बताए । ‘अध्ययनका क्रममा यहाँका मौरीपालनको व्यवस्थापकीय पक्ष राम्रो देखिएको छ । घार पनि व्यवस्थित रुपमा राखिएका छन्’, उनले भने, ‘कुपोषण, मौरी चरण क्षेत्रमा विषादीको प्रयोगलगायत करणले पोषणको कमी भई मौरी मरेका हुन् ।’ मरेका मौरीको नमूनाको थप अध्ययन गर्न नेपाल कृषि अनुसन्धान केन्द्रको किट तथा नेपाल बाहिर पठाएर रोगको पहिचान गरिने मौरी विज्ञ श्रेष्ठले जानकारी दिए । ‘कतिपय स्थानमा सुलसुले रोगले गर्दा पनि मौरी मरेका देखिएको छ । यसबारे विस्तृत विवरण थप अध्ययन । परीक्षणबाट थाहा हुन्छ’, उनले भने । तीन वर्षदेखि मौरीमा देखिएका विभिन्न रोगबारे अध्ययन गर्न मौरी विकास केन्द्रका विज्ञ श्रेष्ठको टोली विभिन्न स्थान पुगेर अनुसन्धान गरिरहेको छ । श्रेष्ठको टोलीसँग किट विकास महाशाखाका सुनिलकुमार जैसवाल र जिल्लास्थित कृषि विकास कार्यालयका प्रमुख बालकराम देवकोटाले अध्ययनसम्बन्धी जानकारी, समस्या समाधानका उपायलगायत पक्षका बारेमा छलफल गरेको थियो ।जिल्लाका मौरीपालक किसानले सेराना जातको मौरी पाल्दै आएका छन् । पातारासी गाउँपालिका-१ पेरे, गुठिचौर गाउँपालिकाको गुठिगाउँ, तातोपानी र चन्दननाथ नगरपालिकामा रहेका घार, वरपरको वातावरण, रोग/किरासम्बन्धी टोलीले अध्ययन गरेको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ । *-रासस*

# पाल्पामा मनाइयो राष्ट्रिय बाल दिवस

**पाल्पा,** भदौ २९/जिल्लामा राष्ट्रिय बाल दिवस विविध कार्यक्रम गरी मनाइएको छ । यहाँका स्थानीय तह र शैक्षिक संस्थाहरुले 'बालिकामा लगानी सुनिश्चित भविष्य' भन्ने नाराका साथ विभिन्न कार्यक्रम गरी ६० औं बालदिवस मनाएका हुन् ।

रामपुर नगरपालिका र तानसेनस्थित नेपाल बाल संगठन जिल्ला कार्यसमिति पाल्पाले विभिन्न कार्यक्रम गरी दिवस मनाएका छन् । रामपुर नगरपालिकाको शिक्षा शाखाले विभिन्न प्रतियोगितासहित विद्यार्थीहरुलाई सम्मान गर्दै दिवस मनाएको छ । उसले एसइई परीक्षा २०८० मा सहभागी भई ३.६ वा सो भन्दा बढी जिपिएका साथ उत्तिर्ण हुने ३५ जना विद्यार्थीहरुलाई नगद र सम्मान पत्रले सम्मान गरेको छ । यस्तै दिवसका अवसरमा माविस्तरीय वादविवाद प्रतियोगिता, आधारभूत तहस्तरीय वतृत्वकला प्रतियोगिता, प्रावि तहस्तरीय हाजिरिजवाफ प्रतियोगिता र चित्रकला प्रतियोगिता समेत भएका छन् । विद्यार्थीहरुलाई सम्मान तथा पुरस्कार वितरण गर्दै रामपुर नगरपालिकाका उपप्रमुख तथा कार्यवाहक नगर प्रमुख बालकुमारी थापाले हरेक बालबालिका र विद्यार्थीको भविष्य शिक्षक र अविभावकमा निहित हुने बताइन् । बालबालिकाको उज्ज्यवल भविष्यका लागि घर र विद्यालय दुवैमा बालमैत्री वातावरण बनाउन आवश्यक रहेको उनले उल्लेख गरिन् । उपप्रमुख थापाले हरेक बालबालिका कमजोर र क्षमतावान बनाउनका लागि अविभावकले सिर्जना गर्ने शैक्षिक वातावरण र शिक्षकको सिकाईमा भर पर्ने भएकाले शिक्षा र सिकाईका लागि उचित वातावरण बनाउनुपर्ने बताइन् । उनले बालबालिकाको अधिकार र शिक्षालाई सुनिश्चित गर्नका लागि नगर सरकार सधैँ प्रतिवद्ध भएर लागेको भन्दै रामपुर नगरपालिकामा बालमैत्री स्थानीय शासन लागु गर्ने तयारीमा रहेको समेत जानकारी दिइन् । यस्तै सामाजिक विकास समितिका संयोजक सिमादेवी थापाले बालबालिकाको सर्वाङ्गिण विकासका लागि नगरपालिकाले विविध कार्यक्रम सञ्चालन गर्दै आएको र आगामी दिनमा अझ बढी प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्ने बताइन् । यस्तै रामपुर नगरपालिकाका नगर शिक्षा अधिकृत विकल कापलेले हरेक बालबालिका तथा विद्यार्थीलाई निश्चित नतिजाको आधारमा दवाव र सजाय दिन नहुने भन्दै उमेर र समय अनुसार हरेक सिकाइमा सफल हुने बताए । कार्यक्रममा रामपुर नगरपालिकाका शिक्षा समिति सदस्य तथा रामतुलसी माध्यमिक विद्यालयका प्रधानाध्यापक बालकृष्ण लम्सालले बालबालिकाको प्रतिभा पहिचानको कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्दै सम्मानित तथा प्रतियोगितामा विजयी विद्यार्थीहरुलाई बधाई सहित शुभकामना दिए । रामपुर नगरपालिका सामाजिक विकास समितिका संयोजक सिमादेवी थापाको अध्यक्षता, नगर शिक्षा अधिकृत विकल काफ्लेको स्वागत, शिक्षा शाखाका प्राविधिक सहायक अनिता कुँवरको सञ्चालनमा कार्यक्रम भएको थियो । यस्तै तानसेनमा नेपाल बाल संगठन जिल्ला कार्यसमिति पाल्पाको आयोजनामा बालदिवस मनाइएको छ । कार्यक्रममा तीन दिनसम्म सञ्चालित हाजिर जवाफ प्रतियोगिता, चित्रकला प्रतियोगिता, नृत्य प्रतियोगितामा विजय हुने प्रतियोगीहरुलाई पुरस्कार तथा सम्मान गरिएको छ । कार्यक्रममा प्रतियोगीहरुलाई पुरस्कार वितरण गर्दै प्रमुख अतिथि तथा पत्रकार सेनानी, संगठनका सल्लाहकार मेघराज शर्माले बालबालिका भविष्यका कर्णधार भएको भन्दै बाल अधिकारको सुनिश्चितताको लागि सबैको सहयोग आवश्यक रहेको बताए । कार्यक्रममा बालमन्दिर प्राथमिक विद्यालयका अध्यक्ष शिव वस्यालले बालमन्दिरको अवस्था बारेमा जानकारी गराएका थिए । कार्यक्रममा बालसंगठनका पूर्व अध्यक्षहरु बुद्धि प्रसाद शर्मा र देवराज ढकाल, तानसेन नगरपालिकाकी कार्यपालिका सदस्य सिता बस्नेत, नगर शिक्षा प्रमुख कोपिला न्यौपाने लगायतले बालबालिकाको हक अधिकारका आ-आफ्ना धारणा राखेका थिए । दिवसको अवसरमा बाल मन्दिरमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई अध्यक्ष सोमनाथ शर्माल दोसल्ला ओढाएर सम्मान गरेका थिए । संगठनका अध्यक्ष अर्यालको अध्यक्षता, सचिव नविन थापाको स्वागत, शिक्षिका भावना खनालको सञ्चालनमा कार्यक्रम भएको संगठनका सदस्य राजेन्द्र लिगलले बताए ।



## खेलकुद समाचार

### एनपीएलका प्लेयरले २० लाख पाउने



**काठमाडौं,** भदौ २९/ नेपाल प्रिमियर लिग (एनपीएल) का मार्की खेलाडीले कम्तीमा २० लाख रुपैयाँ पाउने भएका छन् ।

नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गर्ने यो फ्रेन्चाइज लिगका लागि शुक्रबार मार्की प्लेयर घोषणा गरेको थियो । शनिबार गोला प्रथाबाट उनीहरुको टिम छनोट गरिएको छ । शनिबार गरिएको घोषणा अनुसार काठमाडौंको मार्की प्लेयरमा करण केसी, पोखराको कुशल भुर्तेल, चितवनको कुशल मल्ल, विराटनगरको सन्दीप लामिछाने, जनकपुरको आसिफ सेख, लुम्बिनीको रोहित पौडेल, कर्णालीको सोमपाल कामी र सुदूरपश्चिमको दीपेन्द्रसिंह ऐरी मार्की प्लेयर बनेका छन् ।

अरु खेलाडी छनोटका लागि भने दशैंअघि नै बोलकबोल हुनेछ । एनपीएलका हरेक टिमले १६ जना खेलाडी राख्न पाउनेछन् । त्यसमा ४ जना विदेशी खेलाडी राख्न पाउनेछन् ।

# पाल्पाको पर्यटन विकासका...

उनले अहिलेको अवस्थामा स्थानीय सरकारले उद्योग वाणिज्य संघलाई साथमा लिएर अगाडि बढ्नुपर्ने बताए ।

महासंघका केन्द्रीय सदस्य मोहनप्रसाद श्रेष्ठले अहिलेको युग परिवर्तनको युग भएको बताए । उनले एकले अर्कोलाई आरोप लगाउने भन्दा पनि सकारात्मक सोंचका साथ सबै एक जुट भएर काम गर्ने बेला आएका उल्लेख गरे । कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष राजु महर्जनले हाम्रै कारण पाल्पाको शिक्षा स्वास्थ्य, व्यसवायी चलायमान हुन नसकेको बताए । उनले पाल्पाको विकास गर्न भिजन सहितको नेतृत्व आउनु पर्ने भन्दै राजनीति सोंच त्यागेर विकासमा लाग्न राजनीतिक दलहरुलाई आग्रह समेत गरे । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले पाल्पामा सम्भावना नै सम्भावना भए पनि गलत सोंचका कारण समस्या आएको धारणा व्यक्त गरे । उनले भने 'पाल्पा, दूध अदुवा र तरकारीमा आत्मनिर्भर छ तर यहाँ केही छैन् भन्ने भाष्य निर्माण गरिएको छ, जुन गलत हो ।' सभापति श्रेष्ठले सकारात्मक सन्देश फैलाउन जरुरी रहेको उल्लेख गरे । कार्यक्रममा जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराई, उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेशका उपाध्यक्ष बालकृष्ण सुवेदी, भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रोसनी धौवाज, नेकपा एमालेका जिल्ला उपाध्यक्ष विमल काफ्ले, नेकपा माओवादीका प्रदेश सचिवालय सदस्य जितबहादुर थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि रमेश न्यौपाने, राप्रपाका जिल्ला अध्यक्ष डुलबहादुर कुंवर, नेकपा समाजवादीका जिल्ला उपाध्यक्ष मोहनलाल गैरे, राष्ट्रिय जनमोर्चाका जिल्ला सचिव नरमती सिंजाली, प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले, पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्याल, पत्रकार महासंघका जिल्ला उपाध्यक्ष भरत शर्मा, नर्सिङ्ग स्कूल अप हेल्थ साइन्सका प्रिन्सिपल सकुन्तला थान्जु लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

संघका अध्यक्ष शैलेन्द्र भट्टराईले देशभित्रको राजनीतिले स्पष्ट खाका कोर्न नसकिरहेको अवस्थामा नीजि क्षेत्रले उद्योग, व्यवसाय क्षेत्रमा लगानी मैत्री वातावरण बनाउँदै आर्थिक, सामाजिक रुपान्तरणबाट देशको विकासमा सहयोगी भूमिका खेल्दै आएको बताए । उनले भने,'हामीले मुलुकको विकासमा ठूलो भूमिका खेलेका छौं तर सरकारले नै हामीलाई विश्वास गर्न सकेको छैन् , हाम्रा समस्याप्रति सरकार उदासीन छ ।' राज्यले नीजि क्षेत्रलाई विश्वासमा लिएर अगाडि बढ्ने वातावरण सिर्जना गर्नु अहिलेको आवश्यकता रहेको अध्यक्ष भट्टराईले बताए । संघले सोही अवसरमा विपन्न विद्यार्थीहरुलाई छात्रावृत्ति प्रदान, छात्रवृत्ति दाता रुक्मागत भट्टराई, सहयोग गर्ने संस्थाहरु नर्सिङ्ग स्कूल अफ हेल्थ साइन्स, लुम्बिनी मेडिकल कलेज प्रभासलाई समेत सम्मान गरिएको थियो । सोही अवसरमा २ सय जना उद्योगी व्यवसायीहरुको स्वास्थ्य परीक्षण समेत गरिएको छ । संघका अध्यक्ष शैलेन्द्र भट्टराईको अध्यक्षता,महासचिव समिरमान सिंहको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## Kaligandaki Rural Municipality

**Office of Rural Municipal Executive**

Purtighat, Gulmi

# Invitation for Online Bids

**Date of publication: 15 September 2024 (2081-05-30)**

1. Kaligandaki Rural Municipality invites electronic bids from eligible bidders for the below **mentioned works under** National Competitive Bidding Procedures.
2. The details of the project is as follows:

| S.N | Contract No. | Contract Name | Estimated Amount (Nrs) (Inclusive of VAT) | Bid Security Amount (Nrs) | Cost of Bid Document (Nrs) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | KRM/G/081-082-02 | Supply and delivery of medicines and surgical equipments | 2454347.95 | 66500.00 | 1000.00 | 30-09-2024 12:00 PM | 30-09-2024 14:00 PM |
| 2 | KRM/G/081-082-03 | Supply and delivery of Ayurbed medicines | 1249972.00 | 32000.00 | 1000.00 | 30-09-2024 12:00 PM | 30-09-2024 14:00 PM |

3. Bidders can get further information from office of Kaligandaki Rural Municipality, Purtighat, Gulmi, Fascaline No. 9857084412, website **https://kaligandakimungulmi.gov.np/** or visit PPMO's website: **www.bolpatra.gov.np/egp .**

4. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Kaligandaki Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**– Chief Administrative Officer**


## स्याङ्जामा...

..."एउटै पालिकामा दुई/दुईवटा रहेका कार्यालयमध्येबाट एउटा मात्रै राखिने छ," उनले भन्ने, "एक/एकवटा भएका पालिकामा तिनैबाट सेवा दिइने र नभएको पालिकामा कार्यालय स्थापना गर्छौं ।" पुतलीबजार नगरपालिकामा जिल्ला हुलाक र कोल्मामा इलाका हुलाक कार्यालय छ । पुतलीबजारमा कोल्मा इलाका हुलाक कार्यालय हटाइने भएको हो । त्यस्तैगरी, आँधीखोला गाउँपालिकामा रङ्गेठाँटी इलाका हुलाक कार्यालय र पञ्चमूल इलाका हुलाक कार्यालय छन् । आँधीखोलाको पञ्चमूल इलाका हुलाक कार्यालय हटाइने भएको हो । हरिनास गाउँपालिकामा क्याक्मी र किचनासमा इलाका हुलाक कार्यालय रहेकामा क्याक्मी इलाका हुलाक कार्यालय हटाइने भएको उनले जानकारी दिए । बिरुवा गाउँपालिकामा एउटा पनि इलाका हुलाक कार्यालय नभएकाले हुलाक पुनः संरचनाअनुसार आगामी असोजबाट कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइने भएको हो । नयाँ पुनः संरचनाअनुसार हुलाक कार्यालय सञ्चालनका विषयमा स्थानीय पालिकाका जनप्रतिनिधि, कर्मचारीहरुबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको उनले बताए ।


## विपद व्यवस्थापनमा सहयोगी बनौ

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्दार, राहत, पुर्नस्थापना, पुर्नलाभ सहभागी बनौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई